नेपाल इन्जिनियरिङ्ग परिषद्

(नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन,२०५५ द्वारा स्थापित)

Nepal Engineering Council

(Estd.under NEC Act 2055)

पत्र संख्या:

च.नं.:

प्रेस विज्ञप्ति

नेपाल इन्जिनियरिङ्ग परिषद ऐन २०५५ (पहिलो संशोधन २०७९) बमोजिम साधारण दर्तावाला इन्जिनियरिङ्ग व्यवसायी नाम दर्ता परीक्षा (बाह्रौं) को लागि मिति २०८२/१२/२३ देखि २०८२/१२/२५ गते सम्म सूचना, संचार तथा प्रविधि केन्द्र (ICTC), इन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक, ललितपुर केन्द्रमा ९ वटा सिफ्टमा र मिति २०८२/१२/२८ देखि २०८२/१२/२९ गते सम्म इन्जिनियरिङ्ग अध्ययन संस्थान, पश्चिमाञ्चल क्याम्पस, लामाचौर, पोखरा परीक्षा केन्द्रमा ५ वटा सिफ्टमा संचालन भई सम्पन्न भएको थियो। उक्त परीक्षामा कुल आवेदन संख्या २९८६ रहेकोमा २८०६ जना परिक्षार्थी उपस्थित भएका थिए । परिषद्को साधारण दर्तावाला इन्जिनियरिङ्ग व्यवसायी दर्ता परीक्षा सञ्चालन कार्यविधि २०८२ बाह्रौ परीक्षाको परीक्षाफल परीक्षा भएकै दिन दैनिक प्रकाशित समेत गरिएको थियो । जसमध्ये जम्मा १०३१ जना उर्तीण भएका छन् ।

साधारण दर्तावाला इन्जिनियरिङ्ग व्यवसायीको रुपमा परीक्षा समितिको सिफारिस बमोजिम परिषद्को मिति २०८२/१२/२५ र २०८२/१२/२९ गतेको बैठकले नाम दर्ता गर्ने निर्णय गरेको छ। उक्त निर्णय सँगै परिषद्मा दर्ता हुने इन्जिनियरको दर्ता नं. ९८७४५ पुगेको व्यहोरा समेत जानकारी गराइन्छ।

नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ को दफा १५ बमोजिम दर्ता भएका १०३१ जना साधारण दर्तावाला इन्जिनियरहरुको प्रमाणपत्र २०८३ वैशाख ०७ गते बाट वितरण गरिने व्यहोरा जानकारी गराइन्छ।

परीक्षामा कुल २५ वटा विधामा संचालन भएको इन्जिनियरिङ्ग विषय अनुसारको विवरण निम्नानुसार रहेको छ।

मिनभवन, काठमाडौं, नेपाल । फोन: ०१-४५२०६५५, ४५२०६५६

ई-मेल: necgov@ntc.net.np , info@nec.gov.np वेभसाइट: www.nec.gov.np

नेपाल इन्जिनियरिङ्ग परिषद्

(नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन,२०५५ द्वारा स्थापित)

Nepal Engineering Council

(Estd.under NEC Act 2055)

पत्र संख्या:

च.नं.:

Faculty With Subject Code , Percent , No Of Students For 12th Exam

All Center

SN	Faculty	Subject Code	Total Applicants	Approved	Appeared	Pass	Pass Percent
1	Civil Engineering	01	1366	1364	1254	450	35.89
2	Electrical Engineering	02	76	76	71	24	33.80
3	Electronics & Communication Engineering	03	83	83	78	5	6.41
4	Mechanical Engineering	04	99	98	97	38	39.18
5	Aeronautical Engineering	05	12	12	12	4	33.33
6	Chemical Engineering	07	13	13	13	5	38.46
7	Computer Engineering	17	766	764	729	259	35.53
8	Environmental Engineering	18	11	11	11	10	90.91
9	Automobile Engineering	19	13	13	13	5	38.46
10	Industrial Engineering	20	7	7	7	5	71.43
11	Agricultural Engineering	27	13	13	12	2	16.67
12	Architecture	31	53	52	51	41	80.39
13	Electrical & Electronics Engineering	32	117	117	108	27	25.00
14	Electronics Engineering	33	1	1	1	0	0.00
15	Electronics & Telecommunication Engineering	36	3	3	2	0	0.00
16	Software Engineering	39	66	66	62	30	48.39
17	Information Technology Engineering	41	103	102	100	31	31.00
18	Biomedical Engineering	42	35	35	33	7	21.21
19	Geomatics Engineering	43	67	67	67	49	73.13
20	Civil & Rural Engineering	45	15	15	14	10	71.43
21	Bio Technology Engineering	46	1	1	1	0	0.00
22	Mechatronics Engineering	49	1	1	0	0	0.00
23	Hydropower Engineering	55	15	15	15	7	46.67
24	Aerospace Engineering	57	13	13	12	10	83.33
25	Electronics, Communication & Information Engineering	58	44	44	43	12	27.91
26	Artificial Intelligence & Machine Learning		1	0	0	0	0.00
Grand Total			2994	2986	2806	1031	36.74

साथै यस बाह्रौं साधारण दर्तावाला इन्जिनियरिङ्ग व्यवसायी नाम दर्ता परीक्षा संचालनमा सहयोग गर्नुहुने सम्पूर्ण परीक्षा समितिका सदस्यज्यूहरु, परिषद्का पदाधिकारी तथा सदस्यज्यूहरु, कर्मचारीहरु, सूचना, संचार तथा प्रविधि केन्द्र (ICTC), इन्जिनियरिङ्ग अध्ययन संस्थान, पश्चिमाञ्चल क्याम्पस लगायत सम्पूर्ण सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

मितिः- २०८२/१२/२९

इ. ध्रुव राज भट्टराई
रजिष्ट्रार
(ने.इ.प. नं.६५२५ सिभिल "क")